www.ekantipur.com
शनिबारको
काठमाडौं, विराटनगर, भरतपुर र नेपालगञ्जबाट एकैसाथ प्रकाशित
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
वर्ष १९ अंक २९६ काठमाडौं | २ पुस २०६८ शनिबार पौष कृष्णपक्ष सप्तमी | नेपाल संवत् ११३२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, December 17, 2011 | www.ekantipur.com | पृष्ठ १२+८+६ | १० रुपैयाँ

## भित्र



हामी कस्तो माछा खाँदैछौं ? पृष्ठ १५

एमालेमा नयाँ समीकरण

अन्तर-विरोधपछि अंकमाल पृष्ठ ६





चिटिक्क भए गाउँबस्ती पृष्ठ ८

अन्य

आदि/इत्यादि
विजयकुमारको स्तम्भ पृष्ठ २



थाक्सिन लुम्बिनीमा पृष्ठ ३

भारतमा संसारकै होची महिला पृष्ठ १२

बढे हवाई यात्रु पृष्ठ १६

# नि हाओ नेपाल !

## नेपालमा कसरी बढ्दै गएको छ चिनियाँ रुचि, लगानी र व्यापार, अनि त्यसले कसरी बढाउँदै छ राजनीतिक र सामाजिक प्रभाव ?

■ **दिनेश वाग्ले**, काठमाडौं

प्रधानमन्त्री बाबुराम भट्टराईले चिनियाँ प्रधानमन्त्री पुस ५ मा नेपाल आउने घोषणा गरे पनि भनिएकै समयमा उनी नआउने भएका छन् । तर पछिल्ला केही वर्षको प्रवृत्ति नियाल्दा प्रधानमन्त्री नआउँदैमा नेपालमा चिनियाँ चासो घट्ने देखिन्न । काठमाडौंमा रहेका केही चिनियाँ र चीनलाई नियाल्ने नेपालीका अनुसार अबका केही वर्ष चिनियाँहरू अझै बढी पैसा, सामान र सम्भवत: राजनीतिक प्रभाव पनि लिएर नेपाल छिर्दैछन् ।

**बढ्दो व्यापार, बढ्दो घाटा**

चिनियाँ नेता देङ सियाओ पिङले १९७८ मा आर्थिक सुधार कार्यक्रम लागू गरेपछि उन्नति गर्न थालेको चीनले ठ्याक्कै १० वर्षअघि विश्व व्यापार संगठनमा छिरेर अन्तर्राष्ट्रिय व्यापारमा दरिलो यात्रा थालेको थियो । 'त्यसपछि धेरै चिनियाँ बाहिर निस्कन र अरू देशमा आएर व्यापार गर्न थाले,' २८ वर्षे चिनियाँ शी सानले भनिन्, जो डेढ वर्षदेखि पति हुङसँग मिलेर काठमाडौंको बिजुलीबजारमा एउटा चिनियाँ रेस्टुरेन्ट र होटलसमेत चलाइरहेकी छन् । ३५ लाख जति नेपाली रुपैयाँको लगानीमा खोलेको रेस्टुरेन्टबाट सन्तुष्ट शीले भनिन्, 'यहाँको वातावरण पनि एकदम राम्रो, मेरो गृहसहरको भन्दा ।'

मध्यचीनमा जन्मे-हुर्केकी उनले बुधबार साँझ काठमाडौंमा जारी एउटा चिनियाँ सांस्कृतिक कार्यक्रममा आफ्नो रेस्टुरेन्टको प्रतिनिधित्व गरेर फर्केपछि उनले नेपालीहरू निकै सहयोगी र मिलनसार रहेको पनि सुनाइन् । 'अब त मलाई काठमाडौंबारे निकै जानकारी छ । चीनबाट आएका पर्यटकलाई यहाँ जाने, यसो गर्ने सबै भन्न सक्छु,' उनले भनिन्, 'बरु मेरो आफ्नै सहर बिरानो भइसक्यो ।'

उनले आफू चिनियाँ भएकाले एक दिन उतै फर्किने भए पनि तत्काललाई यतै जीवकोपार्जनमा सजिलो भएको बताइन् । १० वर्षअघि उनी नेपाल आउँदा उनका काकाकाकी तातोपानी नजिकैको एउटा जलविद्युत् आयोजनामा काम गर्थे । त्यसयता धेरैजसो समय नेपालमै रहेकी शीले नेपाली राजधानीमै आफ्ना पतिलाई भेट्टाइन् ।





दीपक गौतम

**विश्वमञ्चमा आफ्नो बढ्दो व्यापारिक र राजनीतिक प्रभावलाई सांस्कृतिक फाँटमार्फत निरन्तरता दिन चीनले पश्चिमा मुलुकहरूकै जस्तो बाटो अपनाएको छ**

एभरेस्ट होटलमा भान्से (सेफ) हुङलाई एकजना साझेदार साथीले भेट्टाइदिएपछि शीले मनपराएकी थिइन् । २००७ मा पेटमा सात महिनाको बच्चा बोकेर चीन गएकी उनी जन्मेकी छोरी बोकेर १० महिनापछि नेपाल फर्किइन् । अहिले रेस्टुरेन्टमा बच्ची हल्ला गर्दै दौडिँदा तिनका आमाबाबु रेस्टुरेन्टको प्रबन्धन गर्न व्यस्त देखिन्थे । हुङ त फररै नेपाली पनि बोल्छन् ।

पहिलोपल्ट नेपाल आएको वर्षदेखि नै शीले नेपालमा चिनियाँहरूको उपस्थिति उल्लेख्य रूपमा बढ्न थालेको महसुस गरेकी छन् । 'त्यतिबेला काठमाडौंमा दुइटा चाइनिज रेस्टुरेन्ट थिए होलान्,' उनले भनिन्, 'अहिले मैले ठ्याक्कै गनेकी त छैन तर २० वटा जति होलान्- चाइनिजहरूले नै चलाएका । त्यतिबेला यहाँ थोरै चाइनिज थिए, अहिले निकै आउँछन्, प्रोजेक्टहरूमा काम गर्न, घुम्न र व्यापार गर्न ।'

उनको अनुमानलाई तथ्यांकले पुष्टि गर्छन् । उद्योग विभागमा आर्थिक वर्ष २०६७/६८ मा चिनियाँ सहभागिताका ६९ उद्योग दर्ता भए । ३ हजार ६६ जनालाई रोजगारी दिने ती उद्योगमा १ अर्ब १८ करोड लगानी भएको थियो । अघिल्लो आर्थिक वर्षमा त्यस्ता ५८ उद्योग दर्ता भएका थिए । २ हजार ७ सय ९१ जनालाई रोजगारी दिने ती उद्योगमा ७१ करोड रुपैयाँ लगानी भएको थियो । जबकि २०६१/६२ मा सातवटा मात्र त्यस्ता उद्योग दर्ता भएका थिए । त्यसमा १४ करोडको लगानी भएको थियो र तिनले २ सय ५७ लाई रोजगारी दिएका थिए ।

त्यस्तै, सन् २०११ को सुरुका ११ महिनामा ६६ हजार चिनियाँ नेपाल आएका थिए भने २०१० मा ४६ हजार ३ सय । अनि २००९ मा ३२ हजार २ सय र २००१ मा ८ हजार ७ सय ३८ मात्र ।

तथ्यांकहरूले के देखाउँछन् भने विश्वभर फैलिइरहेका चिनियाँ व्यापारी र सामानहरू पछिल्ला वर्षहरूमा नेपालमा पनि ओइरिने क्रम बढ्दो छ । विज्ञहरूको भनाइमा चीनको व्यापारिक प्राथमिकतामा (र, सायद राजनीतिक-सामरिक पनि) पहिलो नम्बरमा दक्षिणपूर्वी एसियाका १० मुलुक, त्यसपछि स्रोतसम्पन्न अफ्रिका, अनि पश्चिम युरोप र अमेरिका पर्छन् । नजिकैको दक्षिण एसियाको स्थान त्यसपछि मात्र आउँछ, जहाँको ठूलो मुलुक भारतसँग २०१० मा उसको व्यापार ६० अर्ब डलर बराबरको थियो । त्यसलाई २०१५ सम्ममा एक खर्ब डलर पुर्‍याउने समझदारी गत वर्ष चिनियाँ प्रधानमन्त्री वेन भारत जाँदा दुई देशले गरेका थिए ।

बितेका केही वर्षमा नेपालसँग पनि चीनको व्यापार बढेको छ । तर त्यो वृद्धि लगभग एकतर्फी (नेपालको आयातमात्रै बढेको र निर्यात खुम्चिरहेको) छ । २००९/१० मा नेपाल-चीन व्यापार ४० अर्ब रुपैयाँ बराबरको थियो भने पाँच वर्षअघि (२००४/०५) त्यो झन्डै १५ अर्बमात्र । कुल व्यापार एक सय ७२ प्रतिशतले बढेपछि नेपालले चीनमा गर्ने निर्यातचाहिँ त्यो अवधिमा साढे ४६ प्रतिशतले घटेको नेपाल-चीन चेम्बर अफ कमर्सका पञ्चरत्न शाक्यको विश्लेषण छ । चीनबाट आयात झन्डै १३ अर्बबाट साढे ३९ अर्ब पुगेको तर नेपालबाट निर्यातचाहिँ २००४/०५ को एक अर्ब ८९ करोडबाट घटेर २०१०/११ मा ७५ करोड भएको थियो ।

विश्व व्यापार संगठनमा छिरेपछि आफ्नो बजारलाई विश्वका लागि खुला गरेको र झन् प्रतिस्पर्धी बनेको चीनले नेपाललाई २०१० जुलाईदेखि ३३ कम विकसित मुलुकहरूको त्यो सूचीमा राखेको छ, जसका थुप्रै उत्पादनले चिनियाँ बजारमा जाँदा शून्य महसुलको सुविधा पाउँछन् । ती उत्पादनमा बिक्री कर लाग्दैन । तर अप्ठ्यारो छ निर्यातमा ।

**निर्यातमा अप्ठ्यारो**

बढ्दो व्यापार घाटा कम गराउन नेपालले चीनतर्फ निर्यात गर्ने उत्पादनलाई बढी प्रतिस्पर्धात्मक बनाउनुपर्छ । ती गुणस्तरीय मात्र नभई सस्तो पनि हुनुपर्छ । त्यसका लागि नेपालले आफ्नो औद्योगिक क्षमता बढाउनुका साथै चिनियाँहरूलाई नेपालमा आएर लगानी गर्न, सामान उत्पादन गर्न र तिनलाई चीनमा लैजान प्रोत्साहन गर्नुपर्छ ।

हालैका वर्ष नेपाल आएका कतिपय चिनियाँ लगानीकर्ताले यिनै पक्षमा ध्यान दिएर उद्योग त खोलेका छन् तर उनीहरूलाई भनेजस्तो सफलता मिल्न सकेको छैन । त्यसमा नेपालका केही कानुनी प्रावधान र व्यावहारिक कमजोरी रहेको ती व्यवसायीको अनुभव छ । त्यस्तै जटिलताको सिकार भएको छ, एउटा चिनियाँ लगानीको कम्पनी सीम्याक्स फुड प्रालि ।

बाँकी पृष्ठ १८ ▶▶

# डलरले बढायो महँगी



कृष्णगोपाल

■ **लोकमणि राई**

काठमाडौं- जाडो भयो ? हिटर किन्न जानुस् । मूल्य सोध्नुस् । आत्तिनुहुन्छ । 'किन यति महँगो ?' सोध्नुभयो भने पसलेले भन्नेछन्, 'डलरको भाउ बढेर ।'

मोबाइल सेट किन्न जानुस्, त्यस्तै हुन्छ । कम्प्युटर, टेलिभिजन, राइस कुकर, माइक्रो ओभनजस्ता जुनसुकै विद्युतीय सामग्रीको मूल्य केही दिनयता निकै बढेको छ । तेस्रो मुलुकबाट आउने मेसिन, त्यसका पार्टपुर्जा, कपडा, ऊन, रबर, आल्मुनियम, जस्ता, तामा, फलाम, स्टिल के किन्ने ? सबै उत्तिकै बढेका छन् । सबैको कारक भने एउटै छ- डलर ।

'तेस्रो देशबाट आयात हुने सामानको भाउ बढेको छ । विद्युतीय उपकरणमा हुने यस्तो वृद्धि १५ देखि २० प्रतिशतसम्म पुग्ने देखिन्छ,' गोल्छा अर्गनाइजेसनका कार्यकारी निर्देशक शेखर गोल्छाले भने, 'तर हामीले विद्युतीय उपकरणको भाउ ५ देखि ७ प्रतिशतसम्म मात्र बढाएका छौं ।' कोरियालगायत तेस्रो देशबाट आयात हुने गाडीको भाउ पनि २० प्रतिशतसम्मले बढ्ने उनको भनाइ छ ।

भारतबाट आयात हुने पेट्रोलियम पदार्थबाहेक गाडी, मोटरसाइकललगायत सामानको भाउमा भने खासै वृद्धि नहुने जानकारहरू बताउँछन् । भारतले पनि आयात गरेर बिक्री गर्ने भएकाले डलर महँगिँदा पेट्रोलियम पदार्थको मूल्य भने अकासिएको छ । गत असार दोस्रो साता अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्य प्रतिब्यारेल १ सय ९ अमेरिकी डलरको हाराहारीमा रह्यो । त्यतिबेला आयल निगमको प्रतिलिटर लागत मूल्य पेट्रोलमा ९९ रुपैयाँ १० पैसा, डिजेलमा ८४ रुपैयाँ १० पैसा, मट्टितेलमा ७७ रुपैयाँ २० पैसा, हवाई इन्धन (आन्तरिक) मा ७८ रुपैयाँ ६२ पैसा र हवाई इन्धन (अन्तर्राष्ट्रिय) मा ६४ रुपैयाँ ८१ पैसा थियो । करिब २ सातायता प्रतिब्यारेल कच्चा पेट्रोलियम पदार्थको मूल्य १ सय ६ अमेरिकी डलरमा झर्‍यो । तर डलर महँगिँदा निगमको प्रतिलिटर लागत मूल्य बढेर पेट्रोलमा १ सय ४ रुपैयाँ १४ पैसा, डिजेलमा ९४ रुपैयाँ २३ पैसा, मट्टितेल ८३ रुपैयाँ ५९ पैसा, हवाई इन्धन (आन्तरिक) मा ८७ रुपैयाँ ५२ पैसा र हवाई इन्धन (अन्तर्राष्ट्रिय) मा ७३ रुपैयाँ ७० पैसा पुगेको छ ।

नेपाल-टर्की चेम्बर अफ कमर्सका अध्यक्ष अखिल चापागाईंका अनुसार करिब ६ महिनामा अमेरिकी डलर ७२ रुपैयाँबाट महँगिएर ८६ नाघ्दा कुल निर्यातको करिब ५ गुणा बढी आयात गर्ने नेपालको आपूर्ति बजार असहज भएको छ । गत आर्थिक वर्ष नेपालले करिब ९५ अर्ब रुपैयाँको सामान निर्यात गरेको थियो भने ५ झन्डै ५ खर्ब ७१ अर्ब रुपैयाँको सामान आयात गरेको थियो । 'डलर महँगिँदा तेस्रो देशबाट आयातित सामानको लागत कम्तीमा २५ देखि ३० प्रतिशतसम्म बढ्छ,' उनले भने ।

युरोपेली राष्ट्रमा देखिएको युरो संकट र लगानीको वातारण घट्दै जानुले भारतमा भएको विदेशी लगानी बाहिरिँदा भारुका लागि अमेरिकी डलर महँगिएको हो । भारु र रुपैयाँको सटही दर निश्चित भएकाले त्यसको प्रभाव रुपैयाँमा परेको हो । यसबाट डलरको तुलनामा नेपाली मुद्रा अवमूल्यन (कमजोर) भए पनि चिया, कफी, तयारी पोसाक, पस्मिना, कार्पेट, अदुवा, अलैंचीजस्ता निकासीजन्य उत्पादनका उद्योगलाई भने फाइदा पुगको छ । 'नेपाली मुद्रा यही रूपमा कमजोर बनिरह्यो भने निकासी गर्ने उद्योगलाई फाइदा पुग्छ,' पस्मिना उद्योग संघका महासचिव विजयकुमार दुगडले भने ।

बाँकी पृष्ठ १८ ▶▶





१ डलरको नेपाली रुपैयाँसँग सटही दर

स्रोत : नेपाल राष्ट्र बैंक

## भारतमा 'हस्तक्षेप'

■ **रोशन अधिकारी**

काठमाडौं- अमेरिकी डलरको बढ्दो र भारतीय रुपैयाँको घट्दो मूल्य नियन्त्रणका लागि भारतीय रिजर्भ बैंकले १४ वर्षपछि बजार 'हस्तक्षेप' गरेको छ । हस्तक्षेपले नेपालमा पनि अमेरिकी डलरको मूल्य बढ्ने क्रम रोकिने भएको छ ।

डलरको माग घटाउन विभिन्न कदम चालेर विनिमय दर नियन्त्रण गर्न थालिएको हो । व्यावसायिक बैंकलाई आवश्यकताभन्दा बढी डलर खरिद गर्न नदिने र भएको बिक्री गर्नेलगायत नीति केन्द्रीय बैंकले लिएको छ ।

विनिमय दर भनेको दुई प्रकारका मुद्रा साट्न प्रयोग हुने दर हो । भारतसँग रहेको स्थिर विनिमय दरअनुसार एक भारतीय रुपैयाँ नेपालीमा साट्दा १ रुपैयाँ ६० पैसा हुन्छ । अमेरिकी डलरसँग भारतको खुला बजार विनिमय दर छ ।

भारतीय कदमले आक्रामक रूपमा बढिरहेको डलरको मूल्य स्थिर हुनेछ । 'भारतमा डलरको भाउ बढ्न रोकिएपछि नेपालमा पनि रोकिन्छ,' राष्ट्र बैंकका प्रवक्ता भाष्करमणि ज्ञवालीले भने ।

भारतमा ५२ रुपैयाँको हाराहारीमा अमेरिकी डलरको मूल्य रहने देखिन्छ । यसले नेपालमा डलरको मूल्य ८४ रुपैयाँको हाराहारीमा पुग्छ । भारतले डलरको मूल्य निश्चित अंकमा नतोकेका कारण थोरै घटबढ भने भइरहनेछ । अमेरिकी डलरको मूल्य भारतमा सबैभन्दा बढी ५४ रुपैयाँ ६५ पैसा र नेपालमा ८६ रुपैयाँ ३७ पैसासम्म पुगेको थियो । केन्द्रीय बैंकले चालेका कदमपछि डलरको मूल्य कम हुन सुरु भइसकेको छ । शुक्रबार भारतमा बजार खुल्दा डलरको मूल्य ५२ दशमलव २१ पैसासम्म भएको थियो । बजार बन्द हुने समयमा ५३ दशमलव ५२ रुपैयाँ पुगेको छ ।

भारतमा डलरको माग कम गर्न रिजर्भ बैंकले १९९७ को एसियाली संकटपछि पहिलो पटक बजार हस्तक्षेप गरेको हो । माग कम भएपछि मूल्य पनि घट्छ । माग घटाउन भारतीय रिजर्भ बैंकले स्थानीय बैंकको डलर राख्न सक्ने क्षमतालाई कम गरेको छ ।

बाँकी पृष्ठ १८ ▶▶

